Sub.Code : 3041'A'

# NEB - GRADE XII
## 2082 (2025)
## Economics
### [Supplementary Examination]

*विद्यार्थीहरुले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्नेछ । दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्क जनाउँदछ ।*

*Candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.*

**Time: 3 hrs.** **Full Marks: 75**

**समूह 'क' (Group 'A')**

**(अति संक्षिप्त उत्तरात्मक प्रश्नहरू/ Very Short answer questions)**

**सबै प्रश्नको उत्तर दिनुहोस् ।** (Answer all questions.) [११×१=११]

१. श्रमको विशिष्टीकरण भनेको के हो ? (What is specialization of labour ?)

२. नोटबुक उत्पादन गर्ने एउटा कम्पनीले १० ओटा नोटबुकहरू रु. १२ प्रति एकाइ लागतमा उत्पादन गरी रु. १५ प्रति एकाइ मूल्यमा बिक्री गर्दछ भने सूत्र प्रयोग गरी उक्त कम्पनीको कुल नाफा पत्ता लगाउनुहोस् ।
If a notebook production company produces 10 notebooks at a cost of Rs. 12 per unit and sells them at price of Rs. 15 per unit, calculate the company's total profit.

३. विस्तारकारी मौद्रिक नीतिलाई परिभाषित गर्नुहोस् । (Define expansionary monetary policy.)

४. अन्तर्राष्ट्रिय व्यापारको तुलनात्मक लाभको सिद्धान्तको मुख्य सार एक वाक्यमा उल्लेख गर्नुहोस् ।
State the main essence of comparative advantage theory of International Trade in one sentence.

५. लुकेको बेरोजगारी भनेको के हो ? (What is disguised unemployment ?)

६. नेपालमा दुवै आर्थिक वर्षहरू २०७८/७९ र २०७९/८० मा स्तरीय अन्तर्राष्ट्रिय व्यापार वर्गीकरण (SITC) अनुसार सबैभन्दा बढी आयात भएका वस्तुहरूको वर्ग कुन थियो ?
Which Standard International Trade Classification (SITC) section of goods was the most imported into Nepal in both fiscal years 2021/22 and 2022/23 ?

७. विश्व व्यापार संगठनको सदस्यताबाट नेपालले प्राप्त गर्ने कुनै दुईओटा फाइदाहरू लेख्नुहोस् ।
Write any two benefits that Nepal gains from the membership of the World Trade Organization (WTO) ?

८. नेपालको वैदेशिक व्यापार घाटा कम गर्ने कुनै दुई उपायहरू सुझाउनुहोस् ।
Suggest any two measures to reduce Nepal's foreign trade deficit.

९. वहुवचनको रूपमा तथ्याङ्कशास्त्रलाई परिभाषित गर्नुहोस् ।
Define statistics in plural sense.

dibashmagar123.com.np

क्रमश: (Contd...)

१०. यदि कुनै आँकडा समूहको विस्तार र सबैभन्दा सानो मान क्रमश: ३६ र १३ भए सबैभन्दा ठुलो मान पत्ता लगाउनुहोस् ।

If the range and smallest value of a set of data are 36 and 13 respectively, find the largest value.

११. उही आँकडा प्रयोग गरी गणना गर्दा पनि लेस्पेयर र पाश्चे विधिले किन फरक मूल्य सूचकाङ्क दिन्छन् ? अन्तर्निहित कारणसहित उत्तर दिनुहोस् ।

Why do the Laspeyres and Paasche methods yield different price indices even when calculated using the same data ? Answer with underlying reason.

## समूह 'ख' (Group 'B')

### (संक्षिप्त उत्तरात्मक प्रश्नहरू/ Short answer questions)

सबै प्रश्नको उत्तर दिनुहोस् । (Answer all questions.) [८×५=४०]

१२. उत्पादन सम्भाव्यता वक्र रेखालाई रेखाचित्रसहित व्याख्या गर्नुहोस् र यस वक्र रेखालाई भित्रतिर सार्ने दुईओटा कारक तत्त्वहरू पनि उल्लेख गर्नुहोस् । [४+१]

Explain the Production Possibility Curve (PPC) with a diagram, and also mention two factors that can shift this curve inwards.

अथवा (Or)

अवसर लागतलाई उदाहरणसहित व्याख्या गर्नुहोस् र अवसर लागत उत्पन्न हुनुको कारण पनि बताउनुहोस् । [४+१]

Explain opportunity cost with an example, and also state the reason for the rise of opportunity cost.

१३. एफ.बि.हावलेको नाफाको जोखिम बहन सिद्धान्तमा आधारित भई नाफालाई परिभाषित गर्नुहोस् र उद्यमीले लिनुपर्ने चार किसिमका जोखिमहरू वर्णन गर्नुहोस् । [४+१]

Define profit and describe the four types of entrepreneurial risks based on F.B.Hawley's Risk-Bearing theory of profit.

१४. अव्यक्त लागतलाई उदाहरणसहित परिभाषित गर्नुहोस् । एउटा फर्मले वस्तुको ५ एकाइ उत्पादन गर्दा औसत कुल लागत रु. ४० र औसत परिवर्तनशील लागत रु. २५ हुन्छ भने कुल स्थिर लागत पत्ता लगाउनुहोस् । [३+२]

Define implicit costs with an example. If a firm produces 5 units of output with Average Total Cost (ATC) of Rs. 40 and Average Variable Cost (AVC) of Rs. 25, then find the Total Fixed Cost (TFC).

१५. असल कर प्रणालीका कुनै पाँच गुणहरूको व्याख्या गर्नुहोस् । [५]

Explain any five qualities of a good tax system.

१६. नेपालको आर्थिक विकासमा मानव संशाधनको कुनै पाँचवटा भूमिकाको मूल्याङ्कन गर्नुहोस् । [५]

Assess any five role of human resources in the economic development of Nepal.

dibashmagar123.com.np

क्रमश:(Contd...)

१५. दिइएको तालिकाको आधारमा तलका प्रश्नको उत्तर दिनुहोस् । [३+१+१]

Answer the following questions based on the given table.

| वस्तुको बिक्री एकाइ (Units of output Sold) | मूल्य (Price in Rs) | कुल आय (TR in Rs) | औसत आय (AR in Rs) | सिमान्त आय (MR in Rs) |
|---|---|---|---|---|
| 1 | 9 | | | |
| 2 | 8 | | | |
| 3 | 7 | | | |
| 4 | 6 | | | |
| 5 | 5 | | | |

(I) दिइएको तालिका पूरा गर्नुहोस् । (Complete the given table.)

(II) पूरा गरिएको तालिकाबाट औसत र सिमान्त आय वक्र रेखाहरू एउटै रेखाचित्रमा रचना गर्नुहोस् ।
Draw total and marginal revenue curves in a single diagram from the completed table.

(III) पूरा गरिएको तालिका र रचना गरिएको रेखाचित्रले कुन बजारलाई प्रतिनिधित्व गर्दछन् र किन ?
What type of market represent the completed table and constructed diagram and why ?

१८. नेपालको वर्तमान आर्थिक र सामाजिक अवस्थालाई विचार गरेर, रोजगारीका लागि विदेशिने नेपाली युवाहरूको बढ्दो सङ्ख्याले निम्त्याउने कुनै पाँचवटा समस्या पहिचान गर्नुहोस् र ती समस्या समाधानका लागि ठोस उपायहरू सुझाउनुहोस् । [२.५+२.५]

Considering the current economic and social situation of Nepal, identify any five problems caused by the increasing number of Nepali youth going abroad for employment and suggest concrete measures to solve those problems.

१९. समरूपी वस्तु उत्पादन गर्ने दुईओटा फर्महरू A र B मा काम गर्ने कामदारहरूको मासिक ज्यालाको मध्यक र भेरियन्स तालिकामा प्रस्तुत गरिएको छ । उपलब्ध गराइएको आँकडाको आधारमा तलका प्रश्नको उत्तर दिनुहोस् । [२+२+१]

The mean and variance of monthly wages for the employees working in two firms, A and B that produce a homogeneous product, are presented in the table. Answer the questions given below based on the data provided.

| फर्महरू (Firms) | मासिक ज्यालाको मध्यक (Mean of monthly wages) | मासिक ज्यालाको भेरियन्स (Variance of monthly wages) |
|---|---|---|
| A | 600 | 3600 |
| B | 900 | 6400 |

(I) हरेक फर्मको ज्यालाको स्तरीय विचलन गणना गर्नुहोस् ।
Calculate the standard deviation of monthly wages for each firm.

dibashmagar123.com.np

क्रमश:(Contd...)

(II) दुवै फर्मको मासिक ज्यालाको विचरणको गुणाङ्क गणना गर्नुहोस् ।

Calculate the coefficient of variation for the monthly wages of both firms.

(III) कुन फर्मको मासिक ज्यालामा बढी एकरूपता छ र किन ?

Which firm's monthly wage is more consistent and why ? Give reason.

अथवा (Or)

तलको तालिकामा दिइएको आँकडाबाट वि.सं.२०७५ लाई आधार वर्ष मानेर वि.सं.२०८० का लागि पाश्चे विधि प्रयोग गरी मूल्य सूचकाङ्क पत्ता लगाउनुहोस् र नतिजाको विश्लेषण गर्नुहोस् ।[४+१]

Find the Price Index Number for the year 2080 (BS) assuming 2075 (BS) as the base year, using Paasche method from the following data given in the table and interpret the result.

| वस्तुको प्रकार Types of goods | वि.सं. 2075 | वि.सं.2080 | |
|---|---|---|---|
| | प्रति के.जी.मूल्य रु. Price per Kg in Rs. | प्रति के.जी.मूल्य रु. Price per Kg in Rs. | वस्तुको परिमाण Quantity of goods in Kg. |
| बन्दा (Cabbage) | 8 | 6 | 8 |
| सिमी (Beans) | 5 | 4 | 5 |
| आलु (Potato) | 4 | 3 | 6 |
| फर्सी (Pumpkin) | 6 | 5 | 10 |

## समूह 'ग' (Group 'C')

### (विस्तृत उत्तरात्मक प्रश्नहरू/ Long answer questions)

सबै प्रश्नको उत्तर दिनुहोस् । (Answer all questions.) [३×८=२४]

२०. अल्पकालमा सिमान्त-आय सिमान्त-लागत विधिद्वारा पूर्ण प्रतिस्पर्धाले सन्तुलित मूल्य र उत्पादन कसरी निर्धारण गर्दछ ? रेखाचित्रका सहायताले व्याख्या गर्नुहोस् । [८]

How are the equilibrium price and output determined in the short-run by perfect competition using MR-MC approach ? Explain with the help of diagram.

२१. नेपालको आर्थिक विकासमा बैङ्किङ प्रणालीको भूमिकाको वर्णन गर्नुहोस् । [८]

Describe the role of banking system in Nepal's economic development.

२२. नेपालको पन्ध्रौ योजनाका मुख्य उपलब्धिहरूको लेखाजोखा गर्नुहोस् । [८]

Evaluate the key achievements of Nepal's Fifteenth Plan.

अथवा (Or)

संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्य : गुणस्तरीय शिक्षाको प्राप्तीका लागि नेपालले गरेका प्रयासहरूको लेखाजोखा गर्नुहोस् । [८]

Evaluate the efforts made by Nepal towards achieving quality education as a UN Sustainable Development Goal.

-0-

dibashmagar123.com.np